annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २९०, पृष्ठ १० | काठमाडौं, शुक्रबार १५ फागुन २०८२ | फाल्गुण शुक्लपक्ष एकादशी, नेपाल संवत् ११४६ | FRIDAY, FEBRUARY 27, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार


# देउवाको मौन विद्रोह, गगनको अग्निपरीक्षा





चुनावकै मुखमा कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा बिहीबार उपचारका लागि सिंगापुर उडेका छन् । विशेष महाधिवेशनपछि 'मौन विद्रोह'मा रहेका देउवाको यो निर्णयले कतै चुनावमा कांग्रेसको आन्तरिक विवाद त पोखिने होइन भन्ने आशंका व्यक्त हुन थालेको छ ।

**राधा खनाल** | *सर्लाही*

विस्तृत पृष्ठ २





## बीबीसीको डकुमेन्ट्री हटाउन आयोगको पत्राचार



**काठमाडौं** (अन्नपूर्ण): निर्वाचन आयोगले जेन-जी आन्दोलनबारे बीबीसीले सार्वजनिक गरेको भिडियो डकुमेन्ट्री हटाउन निर्वाचन आयोगले प्रेस काउन्सिल नेपाललाई बिहीबार पत्राचार गरेको छ।

बीबीसी वर्ल्ड सर्भिसले तयार गरेको वृत्तचित्र 'सट लाइक द इनिमिज: इन्साइड नेपाल्स जेन-जी अपराइजिङ' मा भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलन दबाउन तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङले प्रदर्शनकारीमाथि गोली चलाउने आदेश दिएको दाबी गरिएको छ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बिहीबार काउन्सिललाई पत्र पठाउँदै डकुमेन्ट्री हटाउने प्रक्रिया अघि बढाउन निर्देशन दिएको बताए। उनले डकुमेन्ट्री नहटाए कारबाही गर्ने चेतावनीसमेत दिए। ४१ मिनेट ३० सेकेन्डको भिडियोमा सुरक्षाकर्मीले अमानवीय बल प्रयोग गरेको उल्लेख गरिएको छ।

निर्वाचनको पूर्वसन्ध्यामा मतदाता प्रभावित पार्नेगरी भिडियो सार्वजनिक भएको भन्दै टिप्पणी भइरहेका बेला आयोगले सक्रियता देखाएको हो।

**आधिकारिक होइन : प्रहरी प्रवक्ता**

प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेले डकुमेन्ट्रीमा उल्लेख गरिएको कागजात आधिकारिक नभएको बताए। उनले भिडियोलाई प्रहरीले गम्भीरतापूर्वक नलिएको बताउँदै सार्वजनिक टिप्पणी गर्न आवश्यक नठानेको बताए।

## भक्तपुर-२ : एमाले र कांग्रेस ढुक्क, आशा जगाउँदै रास्वपा

**संजीप घिमिरे** | *भक्तपुर*

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि भक्तपुर- २ मा स्थानीयको मात्र नभई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय चासो रहेको छ। पूर्वमन्त्रीसमेत रहेका नेकपा (एमाले) का सचिव महेश बस्नेत उम्मेदवार रहेका कारण यो क्षेत्र चर्चामा छ।

जेन-जी बिद्रोहपछि तत्कालीन प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीलाई आफ्नो गृहनगर सूर्यविनायक-७ गुण्डुमा आश्रय दिएर राजनीतिमा पुनर्स्थापित गर्न सफल बस्नेतको उम्मेदवारीले भक्तपुर-२ मा सबैको चासो बढाएको विश्लेषक उमेश कायस्थ बताउँछन्। 'पुरानो र नयाँको देशव्यापी अन्तरद्वन्द्वमा भक्तपुर-२ को निर्वाचनलाई सबैले अभिरुचिपूर्वक नियाली रहेका छन्,' उनले भने। भक्तपुर-२ मा राजनीतिक दलका तर्फबाट १७ र स्वतन्त्र १५ गरी ३२ जना उम्मेदवार बनेका छन्। तर, मुख्य प्रतिस्पर्धामा



आधादर्जन उम्मेदवार मात्र देखिएका छन्। जितका दावेदारहरूले पूर्वमन्त्री बस्नेतलाई नै आफ्नो मुख्य प्रतिस्पर्धी मानेका छन्।

**एमाले र कांग्रेस दुवै ढुक्क**

नेकपा (एमाले)ले आफ्नो उम्मेदवार महेश बस्नेतलाई हेभीवेट मानेको छ। पार्टीको केन्द्रीय सचिव र पूर्वउद्योग मन्त्रीसमेत भएको कारण ३२ उम्मेदवारमा बस्नेत हेभिवेट उम्मेदवार भएको एमाले जिल्ला अध्यक्ष बचन देउजा बताउँछन्।

बस्नेतले २०७४ को निर्वाचनमा करिब १८ हजार मतान्तरले नेपाली कांग्रेसका दमननाथ ढुंगानालाई पराजित गरी प्रतिनिधिसभा सदस्य बन्न सफल भएका थिए। २०७९ को निर्वाचनमा भने उनी कांग्रेसकै जिल्ला सभापति दुर्लभ थापासँग ९ सय ५७ मतको झिनो अन्तरले पराजित बने।

बाँकी पृष्ठ ३

## देउवाका लागि अन्तिम अवसर

विश्लेषण

**विपुल पोखेल**



नेपाली राजनीतिमा अहिले व्यक्तिको आलोचना गर्ने प्रवृत्ति हावी भएको छ। ती आलोचना सही पनि हुनसक्छन्, अथवा आफूलाई अब्बल देखाउनका लागि अरूलाई गाली गरिएको पनि हुनसक्छ। यी दुई कारणले राजनीतिक नेतृत्वप्रति लगातार गाली हुँदै आएको पाइन्छ। यसरी विगतका कमजोरी खोज्दै त्यसको आधारमा अत्यधिक गाली खाने पात्रमध्यमा पर्दछन्- 'नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा। उनी अरूभन्दा फरक ढंगले गालीको सामना गर्नसमेत बाध्य छन्। आफ्ना कमजोरी अनि श्रीमती डा.आरजु राणा कमजोरी गरी दुई कारणले निकै आलोचनाका शिकार भइरहेका छन्। चुनावको मुखमा उपचारका लागि सिंगापुर उडेपछि उनी फेरि चर्चामा छन्।'

यिनै देउवाले अहिले फेरि केही गल्ती गरे भने उनको आगामी दिन झनै आलोचनामय हुनेछन्। यहाँ देउवाका विगतका गल्ती कमजोरी केन्द्रित चर्चा गरिने छैन। राजनीतिमा जतिसुकै ठूलो नेताले पनि निर्णय गर्दा आफ्नो वरपरका साथीभाइ र सहकर्मीहरूको सुझावलाई आधार मान्ने गर्छन्। देउवाको हकमा पनि त्यो कुरा लागू हुन्छ नै। तर, पनि कतिपय समय यस्तो आउँछ, जुन बेला आफ्नो विवेकभन्दा ठूलो कुरा केहीलाई नठानेर निर्मम बनेर निर्णयमा पुग्नुपर्ने हुन्छ। देउवाका लागि आज त्यस्तै समय आएको छ।

बाँकी पृष्ठ ६

## निर्वाचनमा फेरि नमारिऊन् चेतनदीपहरू

**पदमबहादुर सिंह** | *बाजुरा*

चुनाव नजिकिँदै जाँदा बाजुराको त्रिवेणी-७ मालाकोटका गगने ऐडीको मन फेरि अस्थिर हुन्छ। भीडभाड, नाराबाजी र सायरनको आवाज सुन्नासाथ उनी २०७९ मंसिर ४ गतेतिर फर्किन्छन्- त्यो दिन, जब चुनावी विवादले उनका एक्ला छोरा चेतनदीप ऐडीको ज्यान लियो।

२०७९ मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका क्रममा नाटेश्वरी आधारभूत विद्यालय, दम्था मतदान केन्द्रमा राजनीतिक विवाद चर्कियो। स्थानीय तहमा बढ्दै गएको अविश्वास र आरोप-प्रत्यारोपबीच वातावरण संवेदनशील बनेको थियो।

ऐडीका अनुसार नेपाली कांग्रेससँग आबद्ध केही कार्यकर्ता घरभित्रै पसी चेतनदीपलाई बाहिर तानेर



निर्घात कुटपिट गरे। परिवारले चिच्याहट सुन्नुबाहेक केही गर्न सकेन। अन्तत: गम्भीर घाइते चेतनदीपको मृत्यु भयो। चुनाव सकियो, परिणाम आयो, सरकार फेरिए। तर, गगने ऐडीको घरमा सिर्जिएको शून्यता अझै भरिएको छैन।

घटनापछि मालाकोट क्षेत्र केही समय तनावग्रस्त बन्यो। सुरक्षा निकायले निगरानी बढायो। सो घटनामा २४ जनाविरुद्ध अदालतमा मुद्दा दर्ता भएको छ। प्रहरीद्वारा पक्राउ गरिएका आरोपितमध्ये ७ जना साधारण तारेखमा, ७ जना धरौटीमा र १० जना पुर्पक्षका लागि कारागारमा छन्। मुद्दा हाल विचाराधीन अवस्थामा छ। परिवारले निष्पक्ष छानबिन र दोषीमाथि कडा कानुनी कारबाहीको माग गर्दै आएको छ।

चेतनदीप अनेरास्ववियुका केन्द्रीय सचिवालय सदस्य तथा सुदूरपश्चिम विश्वविद्यालय अध्यक्ष थिए। सामाजिक र राजनीतिक रूपमा सक्रिय उनी निर्वाचनलाई लोकतान्त्रिक अभ्यासका रूपमा लिन्थे। 'हामीले छोरालाई राजनीति सिकायौं, घृणा होइन,' ऐडी भन्छन्, 'तर घृणाले नै उसको ज्यान लियो।'

उनको मृत्युपछि परिवार आर्थिक र भावनात्मक रूपमा गहिरो आघातमा छ। श्रीमती विधवा बनिन्, साना सन्तान टुहुरा भए। भित्तामा टाँसिएको तस्बिर, उनका प्रयोगका सामान र सुनसान आँगनले त्यो दिनको स्मृति बारम्बार ताजा गराइरहन्छ।

चुनावको चर्चा सुरु हुनासाथ गगने ऐडीको मन फेरि ढुकढुक हुन्छ। जेन-जी आन्दोलनपछि तीन वर्ष नबित्दै आगामी फागुन २१ गते पुन: प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदैछ।

बाँकी पृष्ठ ५

